नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२०००८२, ४२००४१३, ४२००४९८
फ्याक्स : ०१-४२००११६
इमेल : info@mowcsc./io@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रेस विज्ञप्ति

यस मन्त्रालय र मातहतका निकायबाट प्रवाह हुने सेवा तथा कार्यक्रमहरूलाई थप संवेदनशील, सहज, पहुँचयोग्य र प्रभावकारी बनाउने उद्देश्यले सेवा प्रवाह प्रक्रियामा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, अनियमितता, गैरकानुनी शुल्क असुली, बिचौलियाको संलग्नता तथा सम्पूर्ण सेवाग्राही र विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र कमजोर अवस्थाका समुदायलाई अपमानित, असुरक्षित वा असहज बनाउने कार्यहरूलाई कडाइका साथ निषेध गरिएको व्यहोरा सम्बन्धित सबै सरोकारवालामा अनुरोध छ।

मानव अधिकार, समानता र सामाजिक न्यायको आधारमा प्रत्येक नागरिकको गरिमा, सुरक्षा र सम्मान सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व हो। यस सन्दर्भमा कुनै पनि नागरिकले दुर्व्यवहार, उपेक्षा, हिंसा वा अन्याय भोग्न नपरोस् भन्ने हाम्रो दृढ प्रतिबद्धता रहेको छ। यदि यस्ता कुनै अनुचित गतिविधि वा व्यवहार भएको पाइएमा सम्बन्धित निकायमा लिखित वा मौखिक उजुरी दिनुहुन अनुरोध गरिन्छ। प्राप्त गुनासाहरूलाई गम्भीरतापूर्वक लिई सम्बन्धित निकाय मार्फत आवश्यक छानबिन तथा कानुनी कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

समावेशी, सुरक्षित र मर्यादित समाज निर्माणमा सबैको सहकार्य, संवेदनशीलता र जिम्मेवारी अपरिहार्य रहेको छ। यस अभियानमा साथ, सहयोग र सजगता अपनाइदिनुहुन सम्पूर्ण नागरिक, सरोकारवाला निकाय तथा सेवा प्रदायकहरूमा हार्दिक अनुरोध गरिन्छ।

चैत २२, २०८२
नेपाल सम्वत् ११४६

चक्र बहादुर बुढा
सहसचिव/प्रवक्ता